# स्थानिय लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यबिधि,२०७७

बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया
प्रदेश नं ५, नेपाल

प्रमुख

CamScanner

प्र। नगर प्रमुख

कार्यपालिकाबाट स्वीकृत मिति २०७७/३/३

# स्थानिय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि , २०७७

## पृष्ठभूमि

नेपालको संविंधानमा लैंगिक हिंसा विभेदको अन्त्य गने संकल्प सहित महिलालाई लैंगिक भेदभाव विना समान बंशिय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सवै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागि हुने लगायतका मौलिक हकको प्रत्याभूत गरी महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनिय बनाई पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरहरु द्धारा लैंगिक समानता कायम गर्ने व्यवस्थाका लागि लैंगिक हिंसा निवारण कोष (सञ्चालन) दोस्रो संशोधन नियमावली २०७६ ले सवै स्थानिय तहमा स्थानिय लैंगिक हिंसा निवारण कोष स्थापना गरी लैंगिक हिंसामा परेका पिडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनस्थापना गर्ने दायित्व सिर्जना गरेको र सोहि बमोजिम यस बारबर्दिया नगरपालिकामा पनि स्थानिय लैंगिक हिंसा निवारण कोष स्थापना तथा सो कोष सञ्चालन गर्न वाञ्छनीय भएकोले बारबर्दिया नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार पारिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम “ स्थानिय लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७ रहेको छ ।

९२) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

९क) “नगरपालिका” भन्नाले बारबर्दिया नगरपालिका सम्झनु पर्छ ।

९ख) “मन्त्रालय” भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

ग) “शाखा” भन्नाले महिला तथा बालबालिका शाखा सम्झनु पर्छ ।

घ) “कोष” भन्नाले बुदा नं. ३ बमोजिमको स्थानिय लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

नगर प्रमुख

बारबर्दिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय बारबर्दिया, बर्दिया ५ नं. प्रदेश, नेपाल

CS CamScanner

पदार्थको दुव्र्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

७. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने: (१) कोषको रकम बुदा नं. ६ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

२) बुदा नं.७ (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

८. स्थानिय तत्काल उद्धार तथा राहत वितरण समितिको गठन : (१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक स्थानिय तत्काल उद्धार तथा राहत वितरण समिति रहनेछ ।

१) नगर उप प्रमुख - संयोजक

२) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

३) सामाजिक बिकास समिति संयोजक - सदस्य

४) स्थानिय प्रहरी कार्यालय प्रमुख - सदस्य

५) नगरस्तरिय महिला सञ्जाल अध्यक्ष - सदस्य

६) लैंगिक हिंसाको क्षेत्रमा क्रियाशिल गैर सरकारी संघ संस्थामध्ये सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना- सदस्य

७) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

९. बुदा नं. ८ को (६) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

१०. समितिको काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने गराउने,

ग) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

घ) लैंगिक हिंसा सम्बन्धि काम कारवाहीको अनुगमन गर्ने गराउने,

नगर प्रमुख

नगर प्रमुख

१२. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार : (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछः

क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन वा एम्बुलेन्सबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना/ खाजा खर्चवापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना/ खाजा खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा पाँच दिनको बास खर्च वापत प्रतिदिन पाँच सय रुपैया र उपचार खर्च समेत गरी बढीमा छ हजार, पाँच सय रुपैया नबढ्ने गरी लागेको यथार्थ खर्च, पीडितसँग आश्रित बालबच्चा भए बालबालिकाको लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराईनेछ ।

ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

घ) उद्धार तथा पुनस्थापना पछि पीडितले प्राप्त गरेको सिपमा आधारित कुनै व्यवसाय स्थापना तथा सञ्चालन गर्न अनुदानको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया,

ङ) पुनस्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

च) लैंगिक हिंसा र यौनजन्य दुव्र्यवहारको कसूरबाट पिडितले प्रचलित कानून बमोजिम कसूरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखि आएमा सोहि बमोजिमको रकम,

छ) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा पाँच हजार रुपैया ।

नगर प्रमुख

नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
...नगर, वर्दिया
५ नं. प्रदेश, नेपाल

नगर प्रमुख

१५. छुट्टै खाता खोल्नु पर्नेः (१) कोषको लागि प्राप्त भएको रकम समितिले निर्णय गरेको स्थानिय बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

२) बुदा नं. १५(१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१६. कोषको लेखा र लेखा परिक्षणः (१)कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

२) कोषको नियमानुुसार आन्तरिक तथा अन्तिम लेखा परिक्षण गरिनेछ ।

१७. आवर्ति (रिभल्भीङ) कोषः यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

१८. बैठक भत्ता ः समितिका अध्यक्ष र सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नियमानुसार तोकिए बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

१९. निर्देशन दिन सक्नेः (१) नगरप्रमुखले समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्ने र दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२०.संशोधनः कार्यपालिकाले आवस्यकता अनुसार कार्यविधिमा संशोधन तथा थपघट गर्न सक्नेछ ।

नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया ५ नं. प्रदेश, नेपाल

नगर प्रमुख